स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विश्वका प्रतिष्ठित भेनिस, बुसान, ह्याम्बर्ग, मुम्बई फिल्म फेस्टिभलमा आफ्नो प्रभाव छाडेको अभिनेता दयाहाङ राई स्टारर फिल्म "राजागञ्ज"को प्रदर्शन मिति घोषणा गरिएको छ । यसै साता मुम्बई फिल्म फेस्टिभलमा स्क्रिनिङ भएको फिल्मलाई आगामी चैत १ गते प्रदर्शन गरिने निर्माण कम्पनी आदि फिल्म्सले जनाएको छ । फागु पूर्णिमाको अवसरमा फिल्म रिलिज हुन लागेको हो ।

**आजको विचार...**



सबै...
(दुई पेजमा)

प्रा. डा.कुलप्रसाद कोइराला

निर्देशक शंकर घिमिरेको कमब्याक फिल्म "तेल भिसा"को प्रदर्शन मिति नजिकिँदै गर्दा श्रृंखलाबद्ध रुपमा पोस्टर तथा गीतहरु सार्वजनिक भइरहेका छन् । "हरि नाम भजैं" र "तुकुनको मुकुन" गीतपछि मंगलबार फिल्मको तेस्रो गीत "कति रमाइलो" सार्वजनिक गरियो । अमेरिकामा खिचिएको गीतमा अभिनेत्री वर्षा राउतको "बेबी सावर"मा भएको जमघट र नाचगानलाई प्रस्तुत गरिएको छ ।



❒ वर्ष ३० ❒ अंक ९५ ❒ २०८१ कार्तिक ८ गते बिहीबार 24 October 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### लडाइँमा ५० भन्दा बढीको मृत्यु

(रासस/एएफपी)

**कस्सला (सुडान),** कात्तिक ७/एक अर्धसैनिक कमान्डर सेनामा भागेपछि आइतबारदेखि अल-जजिरा राज्यमा भएको झडपमा ५० भन्दा बढी मानिसको मृत्यु भएको मध्य सुडानका स्थानीय कार्यकर्ताहरूले बताएका छन् । राज्यको राजधानी वाद मदानीमा एक मस्जिदमा भएको सैन्य हवाई आक्रमणमा ३१ जनाको मृत्यु भएको युद्धग्रस्त देशभर सहायता समन्वय गर्ने सयौं स्वयंसेवी समूहमध्ये एक स्थानीय प्रतिरोध समितिले बताएको छ । समितिले सेनामाथि 'ब्यारल बम' प्रयोग गरेको आरोप लगाउँदै उद्धारकर्ताहरूले 'दर्जनौं जलेका र विकृत शरीरहरू' को अवशेष खोज्दै गर्दा मृतकहरूमध्ये आधाभन्दा बढीको पहिचान हुन नसकेको बतायो । राज्यको युद्धग्रस्त पूर्वी भागमा कार्यकर्ताहरूले आइतबारदेखि अर्धसैनिक आक्रमणमा कम्तीमा २० जनाको मृत्यु भएको बताएका छन् । सन् २०२३ अप्रिलदेखि सुडानी सशस्त्र बल र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) बीच युद्ध चलिरहेको छ । युद्धमा हजारौं मानिसको मृत्यु भएको छ र विश्वकै सबैभन्दा ठूलो विस्थापन र मानवीय सङ्कट सिर्जना भएको छ । दुवै सेना हाल मध्य सुडानको कृषि प्रधान अल-जजिरा राज्यमाथि नियन्त्रणका लागि क्रूर युद्धमा छन् । उक्त राज्य गत वर्षको अन्त्यदेखि अर्धसैनिक नियन्त्रणमा छ । सेना प्रमुख अब्देल फत्ताह अल-बुरहानका प्रवक्ताले काइकल र अन्य भगौडाहरूले 'माफी' पाउने बताए ।

# व्यवसायीहरूको 'नापतौल यन्त्र' जाँच

## पाल्पाका विभिन्न ठाउँहरुबाट चेकजाँचको काम

रामचन्द्र रायमाझी

**पाल्पा,** कार्तिक ७/जिल्लामा उद्योगी, व्यवसायीहरुले प्रयोग गर्दै आएका नापतौल यन्त्रहरुको नापजाँच थालिएको छ । पाल्पा उद्योग वाणिज्य संघको समन्वयमा गुणस्तर तथा नापतौल कार्यालय बुटवलले तानसेन नगरपालिका, बगनासकाली गाउँपालिका, रम्भा गाउँपालिका, रैनादेवी छहरा गाउँपालिका, रिब्दीकोट गाउँपालिका र माथागढी गाउँपालिकाको सहयोगमा बुधबारदेखि नापतौल यन्त्रहरु नापजाँच थालेको हो ।

नापजाँच टोलीले जिल्लाका विभिन्न ठाउँहरुबाट ४ दिनसम्म नापजाँचको काम गर्ने छन् । उनीहरुले पहिलो दिन तानसेन र आसपासका उद्योगी व्यवसायीहरुलाई लक्षित गरी वाणिज्य संघको सभाहलमा नापजाँच गरेका छन् । केही ठाउँहरुमा मापदण्ड विपरीतका ढक/तराजु आदि प्रयोग गरेर उपभोक्तालाई ठगी गरेका खबरहरु आइरहेपछि संघले जिल्लाका व्यवसायीहरुले प्रयोग गर्दै आएका यन्त्रहरुको नापजाँच गर्न पहल गरेको हो । सरकारी निकाय आफैले व्यवसायीहरुले प्रयोग गर्दै आएका यन्त्रहरुको नापजाँच गर्नुपर्नेमा नीजि क्षेत्रले पहल गर्नु परेको संघका अध्यक्ष शैलेन्द्र भट्टराईले बताए । उनले उद्योगी व्यवसायीहरुको हितका लागि स्थापित संघले उद्योगी-व्यवसायीहरु कारवाही र जरिवानामा नपरुन र सेवाग्राहीहरु कुनै पनि वहानामा नठगिउन भन्ने उद्देश्यले विगतका वर्षमा जस्तै यस वर्ष पनि नापजाँचलाई निरन्तरता दिइएको बताए । अध्यक्ष भट्टराईले बेला-बेलामा स्थानीय सरकारले शिविर सञ्चालन गरेर नाप जाँच गर्नुपर्ने उल्लेख गरे । संघका सचिव विदुर घिमिरेले बेला बेलामा नापतौलका यन्त्रहरु चेकजाँच गराई उद्योगी- व्यवसायीलाई ढुक्क भएर व्यापार व्यवसाय गर्न संघले सहयोग गर्दै आएको बताए ।



*-बाँकी अन्तिम पेजमा..*

# विश्व विकास सूचना दिवस मनाइँदै




**पाल्पा,** कार्तिक ७/आज विश्व विकास सूचना दिवस मनाइँदै नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । विश्व विकासको समस्या र तिनीहरूलाई समाधान गर्न अन्तर्राष्ट्रिय सहयोगलाई बलियो बनाउने संकल्पसहित हरेक वर्ष यो दिवस मनाउने गरिएको हो ।

सन् १९७२ मा संयुक्त राष्ट्र संघको साधारण सभाले विश्व विकास सूचना दिवस स्थापना गरेको थियो । त्यस यता हरेक वर्षको २४ अक्टोबरको दिनमा विश्वभरि यो दिवस मनायने गरिएको हो । सूचना र सञ्चार प्रविधिहरूले विकासको चुनौतीहरू, विशेषगरी विश्वव्यापीकरणको सन्दर्भमा नयाँ समाधान प्रदान गर्न सम्भव छ र आर्थिक वृद्धि, प्रतिस्पर्धा, सूचना र ज्ञानको पहुँच, गरीबी उन्मूलन र सामाजिक समावेशलाई प्रोत्साहन दिन सक्छ ।

सूचनाको प्रसार र गतिशीलताले खासगरी युवा मान्छेमा रहने विकासको समस्याहरुको बारेमा अधिक जागरूकताको नेतृत्व गर्ने राष्ट्र संघले जनाएको छ । यसले विकासको लागि अन्तर्राष्ट्रीय सहयोगको क्षेत्रमा प्रयासको बढावा दिन्छ । विधानसभाले विकासको केन्द्रीय भूमिका बलियो बनाउन यस दिनलाई संयुक्त राष्ट्र दिवसको दिनमै मनाउदै आएको हो ।

# रेसुङ्गा विमानस्थलमा उडान अनियमित हुँदा यात्रुहरू समस्यामा

**गुल्मी,** कार्तिक ७/विगत चार महिनादेखि गुल्मीको रेसुङ्गा विमानस्थलमा हवाई उडान पटक-पटक अवरुद्ध बनेको छ । गत असारको दोस्रो सातादेखि जिल्लामा हवाई उडान प्रभावित भइरहेको छ । खराब मौसमका कारण लामो समयसम्म यसरी हवाई सेवा नियमित हुन नसकेपछि यात्रु थप समस्यामा परेका छन् ।

टिकट काटेर पनि पटक-पटक विमानस्थल पुगेर घण्टौंसम्म पर्खिनुपर्ने तर अन्तिम उडान स्थगित हुँदा निकै सास्ती पाइएको यात्रुहरूले बताउने गरेका छन् । चाडपर्वको समयमा समेत लगातार उडान अवरुद्ध भइरहेका छन्, जसले नागरिक आक्रोसित छन् । बाक्लो कुहिरो लागेर मौसममा खराबी आउने गरेकाले गत असार १४ गतेदेखि उडान सेवा अवरुद्ध बनेको रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले बताए । साताको दुई पटक नियमित उडान हुँदै आएकामा नेपाल एयरलाइन्सले प्रतिकूल मौसमका कारण उडान गर्न नसकेको उनले जानकारी दिए ।'मौसम खराबीकै कारण गत असारको दोस्रो सातादेखि जिल्लामा जम्मा पाँच वटा मात्र हवाई उडान भएका छन् ।




मौसम ठीक होला भन्ने अपेक्षासहित रेसुंगा-काठमाडौं र काठमाडौं-रेसुंगा आवतजावतका लागि टिकट काटे पनि अन्तिममा स्थगन हुँदाको समस्या हामीले महुसस गरेका छौं तर मौसमको अवस्था हाम्रो नियन्त्रणमा हुँदैनु, स्टेशन प्रमुख थापाले भने । गुल्मी-काठमाडौंका लागि नेपाल वायुसेवा निगमको १८ सिट क्षमताको ट्वीनेटर जहाजले उडान गर्दै आइरहेको छ । यात्रुको चापका कारण साताको चार पटकसम्म यहाँ उडान हुँदै आएको थियो । नेपाल वायुसेवा निगमले रेसुंगादेखि काठमाडौंका लागि सात हजार तीन सय र काठमाडौंबाट सात हजार पाँच सय रुपैयाँ भाडा निर्धारण गरेको छ । जिल्लामा गत एक वर्षअघिदेखि व्यावसायिक रुपमा नियमित रुपमा हवाई उडान सुरु गरिएको हो ।*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## स्वास्थ्य सेवामा सकारात्मक कदम

सबै भन्दा महत्वपूर्ण क्षेत्र भनेकै स्वास्थ्य हो । तर विगतमा यही स्वास्थ्य क्षेत्र सरकारको नजरमा सधै उपेक्षामा पर्दै आयो । सत्तामा पुग्ने राजनीतिक दलहरुको पनि सकभर स्वास्थ्य मन्त्रालय छनौटमा पर्न सकेन । बरु जहाँ धेरै बजेट चलाउन पाइन्छ, ति मन्त्रालहरु उनीहरुको रोजाई बन्न पुग्यो । जसले गर्दा स्वास्थ्य क्षेत्रमा कहिल्यै सुधार आउन सकेन । तर अहिलेको वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारमा रहेका स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले भने स्वास्थ्य सेवामा थुप्रै सकारात्मक प्रयासहरु गरेका छन् । मन्त्री पौडेलले असार ३१ गते शपथ लिएलगत्तै स्वास्थ्य क्षेत्रलाई व्यापक सुधार गर्ने गरी सक्रिय रुपमा लागेका छन् । उनले पहिलो कदममै सातै प्रदेशका नागरिकले स्वस्थ भएर बाँच्न पाउने नैसर्गिक अधिकारको रक्षार्थ क्यान्सर उपचार सेवा विस्तारको थालनी गरे । त्यो आफैमा स्वागतयोग्य कुरा हो । पहिलो निर्णयका रुपमा नागरिकको जटिल स्वास्थ्य समस्याका रुपमा रहेको क्यान्सर उपचारको विषयमा हस्ताक्षर गरेका उनले दुई महिनाभित्रमै पूर्ण कार्यान्वयनमा ल्याउनेतर्फ अग्रसरता देखाउनु नै सकारात्मक पक्ष हो । अर्कोतर्फ सरकारी अस्पतालमा दुई सिफ्टमा बहिरंग सेवा सुरु गरिएको छ । स्वास्थ्य बिमाको दायरा बढाउन अध्ययन कार्यदल गठन भएको छ । बिरामीले शल्यक्रियाका लागि सरकारी अस्पतालमा पालो पाउन एक वर्षसम्म कुर्नुपर्ने बाध्यता छ । त्यसलाई तीन महिनामा झार्न मन्त्री पौडेलले पहल गरेका छन् ।

वीर अस्पतालजस्ता ठूला सरकारी अस्पतालमा हुने शल्यक्रियालाई स्याटेलाइट अस्पतालका रूपमा केही निजी र केही सरकारी अस्पतालमा पनि गराउने भन्ने छलफल भइरहेको छ । यस्तै, स्वास्थ्यमन्त्रीको कार्यभार सम्हालेपछि पौडेलले स्वास्थ्य बिमाअन्तर्गत अस्पतालभित्रकै फार्मेसीमा औषधि प्राप्त नहुने अवस्था हटाउन लागी परेका छन् । क्यान्सर सेवा विस्तारझैं मुटु रोगको उपचारलाई पनि सातै प्रदेशमा विस्तार गर्ने जिम्मा सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई दिइएको छ । सुरु गरिएका सबै योजनाबाट प्रतिफल नै प्राप्त हुन थालिसक्यो भन्ने होइन । तर, सकारात्मक प्रयासहरू भएका छन् । विगतमा यस्ता प्रयासहरु नभएको अवस्थामा यी कदमहरु अगाडि बढ्नु पनि खुशीको कुरा हो । अब सरकारले यी सेवाहरु कार्यान्वयनमा आएलगत्तै आवश्यक पर्ने स्रोत–साधन, जनशक्ति, उपकरणलगायतका विषयमा समयमै ध्यान दिनु जरुरी छ ।

### Opinion @ Social Network

जिन्दगीलाई यति महङ्गो बनाउन मन छ कि,
हिजो सस्तो भन्नेहरुले आज मूल्य सोध्ने साहास पनि नगरून् ।
*(प्रेम न्यौपानेको फेसबुक स्टाटस https://www.facebook.com/prem.neupane)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सबै रविका हविजस्ता देखिए



## प्रा. डा.कुलप्रसाद कोइराला

**हविर्विना रविर्यात**

म जनकपुरमा पढ्दा नव्यव्याकरण पढाउने एकजना गुरु थिए सूर्यकान्त झा । उनी जाडाका बेलाँ घामतिर पिठिउँ फर्काएर रमाइला गफ गर्दै 'वैयाकरण सिद्धान्त कौमुदी' र 'तर्कसङ्गह' हामीलाई पढाउँथे । अर्का गुरु थिए माधव गौतम । माधव गौतम चाहिँ बोधपरक कथा सुनाएर विद्यार्थीको ध्यान पढाइतिर तानेर पढाउन थाल्थे । सूर्यकान्त गुरु संस्कृतका धुरन्धर विद्वान् भए पनि धेरै वर्ष सरकारी माध्यमिक विद्यालयमा नेपाली संस्कृत पढाएर बसेका हुनाले व्याकरणका साधनि, प्रयोग र दर्शनमा विस्मृति आएको जस्तो बुझ्थैं म । रौं रौंमा पाणिनि व्याकरण झुण्डिएको छ भनेर नाम कमाएका गुरु श्रीपाल झा याज्ञवल्क्य महाविद्यालय मटिहानीमा रहेको लक्ष्मीनारायण महाविद्यालयमा गाभिन पुगेपछि उनी मटिहानी गएका थिए ।

उनी गएको निकै दिनपछि हड्ताल अनसन गरेर हामीले यी दुईजना गुरु पाएका थियौं । माधव गौतम माध्यमिक विद्यालयका सबै विषय राम्ररी पढाउने हुनाले उनलाई सबैतिर स्वागत हुन्थ्यो । म्याथ र विज्ञान पनि पढाउने संस्कृत नव्य न्यायका विद्वान् थिए माधव गौतम । त्रिभुवन विश्वविद्यालयका भौतिक शास्त्रका सुप्रसिद्ध प्राध्यापक वसन्त गौतमका पिता थिए माधव गौतम । हामीलाई अंकगणित पढाउने गुरु थिए शम्भु पोखरेल । म सिनेमा हेर्दिन थैं । सिनेमा हेर्नेहरू उहाँलाई विनोद खन्ना भन्थे । म हिसाब नजान्ने भएको हुनाले उनको हिसाबको ज्ञान र गहिराइ मलाई थाह भएन । स्थानीय रा.रा.ब.क्याम्पसबाट गणित तथा तथ्यांकशास्त्रमा स्नातक गरेर हामीलाई पढाउन आएका थिए । उनी पनि कहिलेकहिँ रमाइला कथा चाहिँ सुनाउँथे । अहिले मैले त्यस बेलाको कुरो किन सम्झैं भने अहिले नेपाल चलाउने ओली, शेरबहादुर, प्रचण्ड तथा रवि नामका व्यक्तिहरूसँग प्रवृत्तिक सामीप्य राख्ने एउटा कथा त्यस बेला सूर्यकान्त झा गुरुले सुनाउनुभएको थियो । हुन त व्याकरणमा जम्मा हामी चारजना मात्रै विद्यार्थी थियौं । अरू साथीहरू पढाइतिर भन्दा अरू नै कुरामा नै बढी ध्यान दिन्थे । म थिएँ पण्डितपुत्र धनसम्पत्ति नभएको तर शास्त्रज्ञानमा रुचि जागेका पिताको पुत्र । मैले नपढे धनसम्पत्ति नभएका बाबुका कारणले मेरा लागि मुख, मुखिया पिठिउँ भरिया, बनाउनुपर्ने हुनसक्थ्यो ।

अत: एक दिन मेरो इच्छाविपरीत सूर्यकान्त गुरुले एउटा कथा भन्नुभयो । नेपाल नामक एउटा घरका बुढाका चारजाना छोरा रहेछन् । बुढा विद्वान्, विवेकी र असल नियतका भए पनि छोरा चाहिँ बिग्रनसम्म बिग्रेका स्वाँठ, लम्पट, बेकुब, स्वार्थी डाका र परस्त्रीगामी स्त्रैण पनि रहेछन् । विवेक विचार पटक्क नभएका रहेछन् चारै जना । यस्तै भए पनि बुढाले जेठो छोरो रविको बिहा गरिदिने विचार गरेर कुल घरानियाँकी छोरी मागेछन् । धुमधामसँग बिहा भएछ । नयाँ जेठी बुहारी घरमा आएर काम सम्हाल्न लागेको चार छ महिनामा सासु परम धाम गइछन् । परिवर्तिनी संसारे मृत को वानजायते ? घरकी मूल मान्छे बितेपछि त्यो घर यसै पनि कसैका अनुशासनमा नबस्ने ती धन्नुकारी जस्ता चारजाना दाजुभाइ अब त झनै डामेर छाडेको सँढेजस्ता भएछन् । बिहानको भान्सा बेलुका घाम अस्ताउने बेलामा पनि उठ्न छाडेछ । न लोग्नेले टेर्ने न त देवरले वाक्क भएकी त्यो घरकी बुहारी कहिलेकाहिँ त तुलसाका मठनेर भित्तामा आड लागेर धितमरुन्जेल रुँदिरहिछ । 'छोरीको जन्म हारेको कर्म अर्काको भित्तो पोत्न लाउने पर्म" भनेको यही रहेछ भनेर चित्त बुझाएकी रहिछन् । बुहारीले मेरा छोरालाई दु:ख दिई भनेर ससुराले चित्त दु:खाउलान् भनेर उनले सधाउने उपाय सोचेर पनि हिम्मत गरेकी रहिनछिन् । बुढी बितेको वर्ष दिनको वार्षिक श्राद्ध गरेका केही दिनमा नै बुढा परमधाम गएछन् । बुढाको काजक्रिया त लाजगाल गरेछन् तर मासिक पनि नगर्ने कपडा पनि फुकाउने, खानपानमा पनि कुनै प्रकारको बन्देज राखेनछन् । बुहारीका मनमा पनि अब बेला यही हो भनेर एक दिन भात खान पहिला रविलाल आएछ । रविलाई घ्यू दिइनछे । घ्यू खोइ ? भनेर सोद्धा बल्दै गरेको अगुल्टो देखाएर खोइ हेरौं घ्यू खाने मुख भनिछ । डरले रवि केही नबोलीकन कछाड कस्दै कुदेछ । एक छिनपछि केशवलाल आएछ । उसलाई पीरा नओच्छ्याईकन भुइँमा राखेर भात पस्किछ । केशवले पिरा खोज्दा कुकुरका भुत्ला अलिकति जम्मा गरेर राखेकी रहिछ त्यो ल्याएर फ्यात्त फालिदिइछ । डरका मारे त्यो पनि खाली भुइँमा नै बसेर चुपचाप भात खाएर चुठेर हिँडेछ । केशव हिँडेको केही क्षणपछि तथोथुरलाल आएछ ।

ऊ एक मानु चामलको भात खाने मान्छे पाँच मुठी चामलको भात पस्केर थप्न माग्दा आगामा गाडेर आगो जस्तै बनाएर राखेको पुनिउँ देखाइछ डरका मारे थोथुर आधा पेटमात्रै खाएर टाप कसेछ केही नबोली । थोथुर गएको केही समयपछि धोधर आएछ र भात मागेछ । अनि भाउजूले पनि कमाइ न धमाइ खा रमाई रमाई भनेर गलहत्ती लाएर पुट्ठामा लात्तले हानेर भगाइछ । आँगनमा आइपुग्ना साथ मजाले देखिने गरी तलको श्लोक लेखेर राखिछ-

***हविर्विना रविर्यात विना पृष्ठेन केशव: ।***
***अर्द्धपेट थोर्थुयात गलहस्तेन धोधर: ।।***

आँगनका पल्ला छेउबाटै देखिने त्यो श्लोक पढेपछि चारै भाइ कमाइबेगर घर नफर्कने प्रतिज्ञा गरेर हिँडेका थिए तर कोरोनाका घानमा परेर परमधाम भएछन् । दोस्रो जुनीमा दुई चार वर्षदेखि दसबीस वर्षकै अन्तर हुनेगरी तिनको पुनर्जन्म पनि नेपाल नामक घरमा नै भएछ । चारै भाइ आ-आफ्नै प्रकारको कमाइमा लागेर पनि घरको अंशका निमित्त भने तिनीहरू कर्म कुकर्म जे पनि गर्ने बहादुर भएर जन्मेका हुनाले नेपाल नामका घरको नाम नै परिवर्तन गरेर भ्रष्टपाल बनाएछन् । जेठाको नाम हविलाल भएको हुनाले यो जुनीमा पनि उष्मकर्मी भएर जन्मेछ र जन्मनक्षत्र अनुसारको नाम पनि 'श' अक्षरबाट उठेछ । शषसहा उष्माण भनिएको हुनाले शेरले आरम्भ गरेको देशका ढिकुटीको ऐराखेल खेल्न केशव अर्थात् केपीले पनि सिकेछ । यी दुईटा एक आपसमा कहिले भिडेर त कहिले मिलेर घरमा ऐरा खेल्दै थिए कि वनमा नै संगठित भएर घरै कप्लक्क निलौला जस्तो गरी सुरसाको भन्दा ठूलो मुख बाएर प्रचण्डप्रतापाग्निले सुसज्जित थोथुर अर्थात् थेत्तर बाहुन भए पनि गाई गोरु जे पनि खाने मान्छे मारेर पनि जेल सजाय भोग्नुनपर्ने प्रतापी भएर आएछ दोस्रा जुनीमा । यसले उधुम मच्चाएर घरको परम्परागत बहुदलीय मूल्यमान्यता र चालचलनलाई बहुलाहादलका चालचलन र मूल्यमान्यतामा परिणत गराएछ । प्रजातन्त्रमा जनतादेखि सरकार डराउने प्रथालाई सरकारदेखि जनता डरले लुग्लुगी काम्ने परिपाटीमा बदल्न लाएछ । कंसका अगाडि शिशुपाल, कालयवन, जरासन्ध आदि थुरथुर भएजस्तै शेरखडग सबै उसका ताबेदार बनेर उसले देखाएको चटक र दिनैपिच्छेको नौटंकीबाट मनोरञ्जन गरी उसले जे जे गरे पनि जीहजुर जीहजुर गरेर बस्न लागेछन् । जसरी सानैमा भेडीको दुध खाएर भेडाका बथानमा हुर्केको बाघको डमरु पनि वयस्क हुँदासमेत घाँस खान र भ्या भ्या गर्न सिक्थ्यो रे । यी तीन वटा मूल फटाहाका अगाडि कसैको केही चलेको थिएन माकुने न झलनाथ, भट्टराई न यमी, सबैको होस गुम गराएर मदारीले वानर नचाए झैं नेपाली ढिँडे जनता नचाउन लोदर लाग्ने चरित्रको धोधर चाहिँ छिनमा अमेरिका त छिनमा सञ्चार जगत् फेरि छिनैमा नारी मनमोहनकारी छविको रवि बनेर जन्मेछ त्यही 'भ्रष्टपाल' नामक घरमा । जसले एकाधिक विदेश जाने अनुमतिपत्र बनाउनेदेखि दुई-चारवटा नक्कली नागरिकता प्रमाणपत्र पनि धारण गरेको अदालतले नै पुष्टि गर्दा पनि गिदीबोसे भेडाभेडीले उसैका चरण पूजेको पनि देखियो । सहकारीमा संलग्न गरिबको रगत चुस्न जानेका दिनदेखि क्रसर उद्योगलाई खुला गरेर दुईपटक गृहमन्त्री बनेर देश र जनतालाई सयौं वर्षमा निरन्तर भर्ने प्रयत्न गर्दा पनि क्षतिपूर्ति गर्न नसकिने खत बनाएर छूयाँके बनायो । गाउँमा यिनै महिषासुरको पूजा गर्ने बुद्धि हाम्रा राष्ट्रदेव पशुपतिनाथले पनि पशुकै बुद्धि वितरण गर्न लागे कि क्या हो ? घरकै नाम भ्रष्ट पालक भएपछि गृहसदस्यले भ्रष्टाचारलाई नै शिष्टाचार मानेपछि अरू मूल्य किन चाहिएला र होइन त । त्यसै भएको हुनाले लाजै नमानीकन आलो, बाफ आउँदैगरेको फोहोर लागेको धनका बिटामा खड्ग ओलीले दारा धसेको सबै नेपालीले देखे पनि त होला होइन र ? जय होस् अनैतिकताको । असोज एघार बार गते देशका ठाउँ ठाउँमा गएको बाढी पहिराको एकमात्र कारण डोजरे विकासको अनुमति हो । भएभरका पहाड खनेर शताब्दीयौंदेखि कस्सिएर रहेरका बोटबिरुवा, ढुंगामाटालाई चलाएपछि वर्षाद् र खडेरी कसरी सहन्छ पृथिवीले ?

अर्कातिर यो देश चलाउन भनेर आएका देशद्रोही आजभन्दा पहिलेदेखि आजसम्मकै सरकारमा संलग्न भष्मासुर जसले खोलाका किनारा मिचेर आफ्ना भोटर राख्ने र मान्छेलाई बस्ने ठाउँ नदिएर खोलालाई ठाउँ छाड्नु आवश्यक छैन भन्ने भ्रम सृजना गरेर देशका विभिन्न ठाउँका मान्छे ल्याएर खोला किनारमा खोलाको जमानादेखिको बहाव क्षेत्रमा घर बनाउने अनुमति दिएर राल्यो त्यो नीति र त्यसलाई प्रश्रय दिने सबै अपराधी हुन् । यो देशका कसैमा विवेक छ भने आरम्भदेखिकै सरकार तथा तिनका नीतिलाई जिम्मेवार बनाएर दण्डित गर्नुपर्छ । जर्मनीका छातीमा ठड्याएको पर्खाल ७५ वर्षपछि ढाल्न मिल्छ भने ७५ रै वर्षपछि लेलिनगार्दबाट लेलिनको सालिकलाई उखेलेर दण्ड दिन मिल्छ भने हाम्रा देशका गिद्धलाई ठ्याक खुवाउन किन नमिल्ने ?

पशुलाई तालिम दिएर मानवको सहयोगी बनाउन सकिन्छ तर अभिमानग्रस्त राक्षस सुको उदाहरण पुराणहरूमा पनि कतै भेटिँदैन । जनताका गिदीमा अलिकति भने पनि गिदी नामको चिज छ भने अब यी देशद्रोही पद, पैसा र ग्रुपका भक्तको उछित्तो काडौं अनिमात्र देश र जनताको सुखसुविधाका लागि माटोभक्तिले दिल भरिएको बालेन जस्ता मान्छे देश चलाउन आउनेछन् । देश र जनतालाई सुखी समृद्धिशाली बनाउन असल चरित्र र चिन्तन भएको नेतृत्व आवश्यक हुँदोरहेछ पार्टी या समूह होइनरहेछ भन्ने बोध भयो होला होइन ? चाहे पशुले झैं पेटलाई र पेटमुनिका समस्यालाई मात्र प्राथमिकता दिने दर्शनको सरकार भए पनि नेतृत्व असल चरित्र र सद्विचारको भए देश बन्दोरहेछ भन्ने कुरो सिंगापुर, दक्षिण कोरियाका उदाहरणबाट पनि सिकेर हविर्विनाका रवि, विना पीराका केशव, आधा पेट खाएर भाग्ने थोथुर अनि भाउजूको गलहत्ती खाएर लात्तेभकुण्डो बन्दा पनि लाज नलाग्ने, जति गरे पनि सुधार तथा विवेक नपलाउने धोधर जस्ता नालायकलाई बिदा गरौं । यो देश इमानदार, सोझा, सरल, जनताको देश हो । उपर्युक्त चरित्रका उपमानको देश थिएन । हाम्रै चिन्तनविना होहोमा लाग्ने भेडेप्रवृत्तिका कारणले यस्तो अवस्था आएको हो । अत: रवि, केशव, थोथुर तथा धोधर जस्ता मानवभक्षी राक्षस चरित्रबाट देश र जनता बचाउनतिर लागौं ।...सुविचार्य यत्क्रितं सुदीर्घकालेपि नयाति विक्रियाम् ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वैदेशिक कार्य अघी बढ्नेछ । साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । | **तुला** : आफन्तको प्रगतिमा मन रमाउनेछ। नयाँ कार्यको अवसर मिल्नेछ । |
| **वृष** : जिद्दीपनाले काम बिग्रने डर छ । सरकारी निकाएको भयपनि रहला । | **वृश्चिक** : गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । |
| **मिथुन** : आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । |
| **कर्कट** : विशेष सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **सिंह** : प्रेमीको सहयोग पाईनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । | **कुम्भ** : सामाजिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर बढ्नेछ । |
| **कन्या** : निर्णय कार्यान्वयन हुन सक्दैनन्। आत्मबलमा कमी आउनेछ । | **मीन** : मिष्ठान्न भोजनको अवसर मिल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ । |




नीति कथा — कमल रिजाल

# कुअन्नको प्रभाव



नीतशास्त्र भन्छ कुअन्न खानु हुँदैन, अन्यथा जीवन वार्बाद हुन सक्छ । यसो त अन्न आफैँमा कुअन्न हुँदैन । अन्न भनेको प्राण हो, प्राण कुप्राण हुने प्रश्नै आउन्न तर त्यही अन्न अनीतिपूर्वक वा अधर्मले उपार्जित गरिएको छ भने कुअन्न हुन पुग्छ । त्यस्तो अन्नले सके त जीवनै जाला नभए पनि शरीर, मान, सम्मान, इज्जत र प्रतिष्ठामा धक्का भने पक्कै लाग्छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ यस्तै कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एक जना राजगुरु थिए । उनी माथिल्लै स्तरका विद्वान थिए । राजदरवारमा बराबर आउने जाने गर्थे । एक दिन दरवार गएको बेला खानपानको व्यवस्था उतै गर्नुपर्‍यो । खाना खाएपछि एक छिन विश्राम गरी फर्कने सुरसार गर्न लागे तर भइदियो के भने पलङ नजिकै हीराको एउटा ठूलै हार झुण्डिरहेको रहेछ । हार देख्नासाथ उनले मन थाम्न सकेनन् र हारलाई सुटुक्क झोलामा हालेर हिँडे ।

बेलुका हार नदेखेर दरवारमा हल्लीखल्ली मच्चियो । यता उता खोजे कतै भेटिएन । राजगुरुप्रति त शङ्का थिएन । किनकि उनी खारिएका सन्त थिए । यस्ता सन्तले यति सानो कुरामा र्‍याल चुहाए होलान् भन्नै प्रश्नै थिएन । नोकर चाकरलाई केरकार गरियो केही भएन । भोलिपल्ट बिहान राजगुरुलाई चार पाँच पटक पखाला लाग्यो । त्यसपछि उनी झल्यास्स भए । कतै हारकै कारण कुनै निर्दोषले दण्ड त पाएन भन्ने लागेकाले तत्कालै दरवार पुगी हार प्रस्तुत गर्दै भने- ‘महाराज ’ लिनुहोस् तपाईंको हार । हिजो मेरो बुद्धि भ्रष्ट भएकाले लिएर गएको थिएँ । आज गल्ती बोध भएकाले फिर्ता गर्न आएको हुँ । मबाट नहुनुपर्ने काम भयो । यसैका कारण नजाने कुन चाहिँ निर्दोषले दण्ड पायो होला । दु:खी छु, के गर्ने यस्तै हो गल्ती भइहाल्यो क्षमा दिनुहोला ।! गुरुको कुरा सुनेर राजा हैरान भए । उनलाई गुरुको कुरामा विश्वासै लागेन । त्यसैले मुसुक्क हाँस्दै भने ‘गुरुदेव’ के कुरा गर्दै हुनुहुन्छ यस्तो । तपाई जस्ता ठूला सज्जनले यति सानो चीज लिएर जानुभयो होला भनेर कसरी मानौँ ? लाग्दैछ कसैलाई बचाउन चोरीको दोष आफ्नोटाउकोमा लिँदै हुनुहुन्छ ।! ‘होइन, होइन त्यसो नभन्नुस् । हार मैले नै लगेको हुँ ।’ गुरुले सम्झाउँदै भने‘महाराज’ झुटो बोल्दिनँ । अहिलेसम्म बोलेको छैन भने अब किन बोलौँ । हार मैले नै लगेको हुँ । आश्चर्य त केमा छ भने मलाई आज मात्र यस्तो भावना कसरी आयो ? बिहानै चारपाँच पटक पखला लागेको थियो । त्यसपछि गल्ती बोध भएकाले लाग्दैछ हिजो मैले खाएको खानामा कुनै दोष छ । त्यसैले पहिले त्यसैलाई पत्ता लगाउन आग्रह गर्छु ।! गुरुको कुरा राजालाई ठीकै लाग्यो । उनले तत्कालै मन्त्रीलाई बोलाएर जाँच गर्ने आदेश दिए । अनुसन्धान गर्दै जाँदा के पत्ता लाग्यो भने केही दिन अघि कुनै सज्जनको घरबाट सो अन्न चोरी भएको रहेछ । अदालतले चोरलाई सजाय दिए पनि चामल फिर्ता लिन कोही नआएकाले त्यसलाई दरवारको जिम्मा दिइएको रहेछ । दरवारका कर्मचारीको गल्तीले राजकोशमा जम्मा भएको चीज सार्वजनिक काममा खर्चिनुपर्नेमा दरवारकै निजै भण्डारमा जम्मा गरेका रहेछन् र राजगुरुलाई सोही चामलको भोजन गराइएको रहेछ । वस्तुस्थिति बोध भएपछि राजगुरुलाई कारण पत्ता लगाउन बेर लागेन । उनले राजालाई सम्बोधन गर्दै भने-‘महाराज’ नीतिशास्त्रले राज्यान्नलाई निजी उपभोगमा ल्याउनु हुन्न भनेको छ । जसरी शारीरिक रोगको सूक्ष्म कीटाणु फैलिएर रोगको विस्तार गर्छ उसैगरी सूक्ष्म मानसिक कीटाणुले पनि आफ्नो प्रभाव जमाउँछ । चोरीको परमाणु चामलमा फैलिएको थियो । त्यसैले त्यस चामलले मेरो मन चञ्चल बनायो र खानासाथ चोरी गर्न पुगेँ । धन्य भगवान्को कृपाले मलाई अतिसार भयो, जसले गर्दा त्यसको अधिकाँश भाग मलको रूपमा गयो र कुनै अनहोनी हुन पाएन ।! गुरुको कुरा सुनेर राजाको होसहवास उड्यो ।

असावधानीवश राज्यान्न निजी प्रयोगमा ल्याउने कर्मचारीलाई दण्डित गर्दै अन्य कर्मचारीलाई पनि सचेत गराए । त्यस दिनदेखि दरवारमा त्यस्तो केही हुन पाएन । यस नीति कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर जस्तो आहार गरिन्छ बुद्धि र व्यवहार त्यस्तै हुन्छ भन्ने कुरा भने सत्य हो ।

*-रातोपाटी डटकम*

*आश्चर्य त केमा छ भने मलाई आज मात्र यस्तो भावना कसरी आयो ? बिहानै चारपाँच पटक पखला लागेको थियो । त्यसपछि गल्ती बोध भएकाले लाग्दैछ हिजो मैले खाएको खानामा कुनै दोष छ । त्यसैले पहिले त्यसैलाई पत्ता लगाउन आग्रह गर्छु ।! गुरुको कुरा राजालाई ठीकै लाग्यो । उनले तत्कालै मन्त्रीलाई बोलाएर जाँच गर्ने आदेश दिए । अनुसन्धान गर्दै जाँदा के पत्ता लाग्यो भने केही दिन अघि कुनै सज्जनको घरबाट सो अन्न चोरी भएको रहेछ । अदालतले चोरलाई सजाय दिए पनि चामल फिर्ता लिन कोही नआएकाले त्यसलाई दरवारको जिम्मा दिइएको रहेछ । दरवारका कर्मचारीको गल्तीले राजकोशमा जम्मा भएको चीज सार्वजनिक काममा खर्चिनुपर्नेमा दरवारकै निजै भण्डारमा जम्मा गरेका रहेछन् र राजगुरुलाई सोही चामलको भोजन गराइएको रहेछ । वस्तुस्थिति बोध भएपछि राजगुरुलाई कारण पत्ता लगाउन बेर लागेन । उनले राजालाई सम्बोधन गर्दै भने- ‘महाराज’ नीतिशास्त्रले राज्यान्नलाई निजी उपभोगमा ल्याउनु हुन्न भनेको छ । जसरी शारीरिक रोगको सूक्ष्म कीटाणु फैलिएर रोगको विस्तार गर्छ उसैगरी सूक्ष्म मानसिक कीटाणुले पनि आफ्नो प्रभाव जमाउँछ । चोरीको परमाणु चामलमा फैलिएको थियो । त्यसैले त्यस चामलले मेरो मन चञ्चल बनायो र खानासाथ चोरी गर्न पुगेँ । धन्य भगवान्को कृपाले मलाई अतिसार भयो, जसले गर्दा त्यसको अधिकाँश भाग मलको रूपमा गयो र कुनै अनहोनी हुन पाएन ।!*

कथा — उपेन्द्र सुब्बा

# ससुराली

चुङ्चिवा खोला तरेर आधा घण्टा उकालो हिँडेपछि खोक्सुङले चौतारीमा आफ्नो झोला बिसायो र पारि आफ्नो गाउँ हेर्‍यो । उसले टार खेतमाथिको आफ्नो घर ठम्यायो । चुन र टिनले टल्केको तीनधुरे घर, क्याप्टेन हर्कजङले अट्ठाइस् सालमा यो घर बनाएपछि क्याप्टेनको नामै फेरियो ‘ठूलाघरे क्याप्टेन’ । गाउँमा इन्डियन, मलाया, हङकङका अरू पनि क्याप्टेन ल्याप्टेनहरू थिए तर सबैको भन्दा ठूलो घर यही थियो । खोक्सुङले झोलाबाट चौंठो निकाल्यो । छेउमै भएको भोकटेको पात टिपेर दुनाजस्तो बनायो अनि रक्सी सारेर स्वाट्टै पार्‍यो । दौराको फेरोले मुख पुछेर एक पटक सुसेली हाल्यो । मन्द बतास पनि त्यहीवेला चल्यो, निधारको पसिना थोरै सुक्यो । खोक्सुङ झोला टिपेर लाग्यो उकालो । खोक्सुङ आज जोडटोडले हिँडेर रात-साँझ ससुराली पुग्नेछ’दश वर्षअघि विहे हुँदा खोक्सुङ मात्र चौध वर्षको थियो । ‘विहे गर्दिनँ’ भन्दै खोक्सुङ सात दिन सात रात रोएको थियो तर क्याप्टेनको अघि उसको केही सिप चलेन । उमेरले आफूभन्दा चार वर्ष जेठी बाउकै नम्बरीकी छोरीसँग धुमधामले विहे भयो उसको । यो अवधिमा थुप्रै घटानाहरू भए । सबभन्दा ठूलो घटना त ठूलाघरे क्याप्टेन नै बिते । खोक्सुङका दुई दिदीहरूले सुखले कुटुम्बघर गरिखाएका छन् तर उसकीले भने के खोजेकी हो कुन्नि ? फकाईफुलाई गरिल्यायो, भागेर माइत पुगिजान्छे । गरेर खानलाई क्याप्टेनले प्रशस्तै खेतबारी जोडिदिएका छन् । क्याप्टेन्नीले पनि बुहारीलाई नराम्रो गरेको होइन । बुहारीलाई पल्टनबाट ल्याएको स्लिकको साडी, टाटनको बर्को दिएकै हुन्, नौगेडी-शिरफूल, गहनापात शिर्जन्तै दिएकै हुन् तर बुहारी भने हप्ता दिनभन्दा बढी घर अडिन्न । भन्नेहरूले के के थोकसम्म भने खोक्सुङलाई ? कति साथीभाइले त कसरी शुरु गर्ने ? लक कसरी लगाउने ? भन्नेसम्मका आइडिया दिन पनि भ्याइसकेका थिए । खोक्सुङ आज स्वास्नी लिन सातौं पटक ससुराल जाँदै छ । उसले सोचेको छ- यो अन्तिम हो, अब उप्रान्त जाने छैन’ बल्ल उकालो सकियो । खोक्सुङले अनुहारको पसिना पुछ्दै लामो श्वास फेर्‍यो र आफू आएको बाटोतिर हेर्‍यो । तलको खोला धर्सोजस्तो मात्र देख्यो । अलिक मास्तिर फच्चाकफुचुक परेका घरहरू । अबको बाटो तेर्सैतेर्सो मात्र भन्ने सोच्दा खोक्सुङको मन फुरु ! भयो । बाटोछेउ चौरमा झोला बिसाएर उत्तानो पल्ट्यो । उज्यालोमै ससुराल पुग्न खोक्सुङलाई मन पर्दैन । बाटोमा अनेक मान्छे भेटिन्छन् । कति ढोग्नुपर्ने भेटिन्छन्, कति साली- भदैनीहरू भेटिन्छन् । सालीभदैनीहरू इत्रिएर लाजै पार्छन् । खोक्सुङले झोलाबाट चौंठो निकाल्यो र ठाडो घाँटी लगायो । तीन घुड्को लगाएपछि ‘आ’ गर्दै मुख मिठ्यायो । झोला बोकेर ससुरालको बाटो हेर्‍यो- तेर्सैतेर्सो, डाँडैडाँडा, लेकैलेक । त्यहाँबाट अलिकति ओरालो भरेपछि पुगिन्छ ससुराली । खोक्सुङ बाटो लाग्यो । एक्लै बाटोमा हिँड्दा स्वास्नीसँग बिताएका केही अविस्मरणीय क्षणहरूको सम्झना आउन थाल्यो’ तेस्रो दशैंको रित बुझाएर खोक्सुङले स्वास्नी घर ल्याएको थियो । बोलचाल थिएन । आफ्नो मजेत्रो मात्र ओढेर स्वास्नी गुन्द्री ओछ्याएर भुइँमा सुत्थी । एक रात जाडोले निदाउनै नसकेपछि खोक्सुङकी स्वास्नीले आधारातमै उठेर आँगनमा खरेटो लगाई, घरका भाँडाकुँडा धोई । तै पनि उज्यालो भएन । कोठामा आई । जाडोले लगलग काम्दै बसी । बिरहमा पालम गाई । के सुरमा हो बोलिपठाई- ‘ए, म दु:खियाको सुर्ती पनि सकिएछ’ । खोक्सुङ निदाएको थिएन । सिरानीमा राखेको सुर्तीको पोका स्वास्नीतिर फालिदियो । स्वास्नीले भनी, ‘ए’ धर्मै भयो ।’ स्वास्नीले सुर्ती बेरेर खाइसकी । अहँ, अझै उज्यालो भएन । बिहान झन्झन् चिसो बढ्दै गएपछि बिस्तारै आएर खोक्सुङ सुतेको खाटमा बसी । एकछिनपछि त्यही छेउमा ढल्किई । खोक्सुङको उसै घाँटी सुकेर आयो । आँट कसेर ओढेको सिरक स्वास्नीतिर फालिदियो । स्वास्नीले थोरै सिरक तानेर खुट्टासम्म छोपी । खोक्सुङको सास बढेर आयो, त्यस्तो जाडोमा पनि उसको निधारभरि चिटचिट पसिना आयो । सुकेको घाँटी थुकले भिजाउन खोज्यो, थुक निल्न सकेन । बल गरेर थोरै स्वास्नीतिर सर्‍यो । सासू-ससुराले आफ्नो छोरीलाई सम्झाएर, बुझाएर घर फर्काउने भए तर फर्किने दिन स्वास्नी घरमा छैन । सोधिखोजी गर्दा थाहा भयो- स्वास्नी त भागेर मावली पुगिछे । खोक्सुङ एक्लै घर फर्‍यो । त्यसपछि खेक्सुङका बाबु खस्ता मात्रै स्वास्नी घर आई । कार्जे सकेर कुल-कुटुम्ब सबै गएपछि घरमा आमा, खोक्सुङ र स्वास्नी मात्र रहे। एक रात खोक्सुङले आँट कस्यो- अब साथीभाइले भनेजस्तै नगरी भएन । ऊ हिंस्रक आक्रमणमा उत्रियो तर कसोकसो कर नपरिरहेको मौका पारेर स्वास्नीले छातीमा जोर लात हानी । खासमा खोक्सुङ आमाको करले मात्र स्वास्नी लिन जाँदै छ । उसलाई यो स्वास्नीले घर गरी खान्छ भन्ने फिटिक्कै विश्वास छैन । पल्टनमै सम्धि बोलेका बाउ पनि अब छैनन् । आमाले ‘बाउको वचन त राख’ भनेकाले मात्र ऊ अन्तिम पटक ससुराल जाँदै छ । खोक्सुङ ससुराल पुग्दा सासूआमा बाहिर सिकुवामै भेटिइन् । ज्वाइँलाई देख्नासाथ घरभित्र मुन्टो घुमाएर कराइन्, ‘कान्छी बाहिर निस्की ।’ खोक्सुङले सासूआमालाई ढोग्यो । ‘ए, भेना पो ।’ कान्छी सालीले सेवारो गरी । हतार-हतार खाटमा राढी ओछ्याउँदै साली हुनाको मजाक थपिहाली, ‘हाओ भेना । तपाईं त ससुराल आउनै पो छोड्नुभो त ? दिदीले साह्रै पो चित्त दुखाइदियो कि ? दिदीको सट्टा कि मै पो जाऊँ हाउ ?’खोक्सुङले शिरदेखि पाइतालासम्म सालीलाई एकखेप हेर्‍यो । अस्तिको फुच्ची केटीमा अचम्मैको आकर्षण देख्यो तर केही नबोली मुस्कुरायो मात्र । पानीको गाग्रो बोकेर आउँदै गरेकी स्वास्नीले पिँढीनेर आइपुग्दा खोक्सुङलाई देखी । बहिनीले दिदीको डोको समाई । गाग्री निकालेर खुट्टा बजार्दै स्वास्नी घरभित्र गएको खोक्सुङले हेरेन । त्यहीवेला सासूआमाले कान्छीलाई कराइन्, ‘फतरफतर के बोलिबसेको ? भेनालाई भित्र बोला ।’ सालीले ‘लु भेना भित्र जाऊँ भनेको खोक्सुङलाई बडो अच्छा लाग्यो । ऊ भित्र के पस्यो, स्वास्नीचाहिँ फुत्तै बाहिर निस्किई । सासूआमाले सम्धिनीको सन्चोबिसन्चो सोध्दै गर्दा आइपुगेका ससुराबाले दैलोमै उभिएर सोधे, ‘को हाओ यो रूखको ठुटाजस्तो ?’ ‘बाउ म पो,’ खोक्सुङले ससुराबा उभिएकै ठाउँमा गएर खुट्टामै ढोग्यो । ‘ए नाक्चीको पोइ पो !’ ससुराबाले कम्मरमा बाँधेको खुकुरी खोलेर मूल खाँबोको काँटीमा झुण्ड्याए । त्यसपछि खाटमा उपरखुट्टी लाउँदै सोधे, ‘अनि किन पो आइस् त ?’ ‘हजुरको सम्धिनीले बुहारी लिन पठाएर पो,’ खोक्सुङले सानो स्वरमा भन्यो । ‘तेरो स्वास्नी हो, आफैँ फकाएर लैजा,’ ससुराबाले कुरा सके । सालीले किनामा भुट्नलाई डढाएको खुर्सानीले खोक्सुङ नराम्ररी सर्कियो । ऊ नाकमुख छोपेर खोक्दै सिकुवामा निस्कियो । खाटमा बसेकी स्वास्नी फुत्त भित्र पसी । खाना खाएर खोक्सुङ बाहिर खाटमा बसिरहेको थियो, स्वास्नी र साली जूठा भाँडाकुँडा लिएर निस्किए । खोक्सुङलाई लाग्यो- मौका यही हो स्वास्नीसँग कुरा गर्ने । आजसम्म उसले स्वास्नीसँग दोहोरो बात मारेकै थिएन । छेउमा पुगेर उसले भन्यो, ‘घर गरिखाने हो भने भोलि घर हिंड, होइन भने’ खोक्सुङले पूरा कुरा भन्नै नपाई स्वास्नीले हातको भाँडा पछारी र घरभित्र पसी । ‘छि: भेना तपाईं त ! बूढी फकाउन पनि नजान्ने ।’ सालीले खितिति गरेर हाँसिदिई । स्वास्नी बाहिर निस्किँदा पनि निस्किइन । भेना ! राति डर लाग्छ भने भन्नू है ! म साथी दिन आउँछु ।’ खाटमा ओछ्यान लगाइदिँदै सालीले भनी । ‘ल ।’ ‘नसुती पर्खिनु है त ।’ सालीले आँखा पनि सन्काइदिई । खोक्सुङ हेरेकोहेर्‍यै भयो । सालीले भित्र पसेर ढोकामा आग्लो लगाएपछि खोक्सुङ सिरक ओढेर ओछ्यानमा ढल्क्यो । जुनेली रात थियो । गाउँका कुकुरहरू भुकेको सुनेर ससुराली घरको कुकुर पनि भुक्न थाल्यो । स्वास्नीको बारे मनमा अनेक कुरा खेलाउँदै, ओल्टोकोल्टो गर्दागर्दै खोक्सुङ आधा रात कट्नै लागेको वेला भित्रबाट ढोका खोलियो । खोक्सुङ तर्सियो तर मस्त निदाएजस्तो नाटक गर्‍यो । मनमा झिलिक्क लोभ आयो- ‘साली त होइन ?’ उसले सिरकलाई उचालेर हेर्‍यो । होइन, स्वास्नीचाँहि रहिछ । ऊ चाल मारेर उठ्यो र बिस्तारै स्वास्नीको पिछा लाग्यो । स्वास्नी सुँगुरको खोरपछाडि पिसाब फेर्न बसी । खोक्सुङ त्यहीं पुग्यो । स्वास्नी तर्सेर उठी । खोक्सुङले पाखुरामा च्याप्प समातेर आफूतिर तान्यो । स्वास्नीले फुत्कनका लागि सक्दो बल गरी, खोक्सुङले झनै कसिलो गरी कस्दै ल्यायो । केहीछिनपछि स्वास्नीले बल गर्न छोडी । अब खोक्सुङले मनमौजी गर्नथाल्यो । गाउँभरिका कुकुरहरू उसै गरी भुकिरहेका थिए । ससुराली घरको कुकुर भने खोई किन हो ? चुप थियो । बिहान साली आँगनमा खरेटो लाउँदै गर्दा खोक्सुङ ससुरालको नयाँ ओखली नियाँल्दै थियो । ‘के पो हेर्नुभो भेना त्यति साह्रो ?’ सालीले सोधी, ‘हाम्रो लेकमा धान कुटी खानु छैन क्यारे । यसो किनामा बनाई खानुलाई बनाको ।’ ‘ओए कान्छी, ज्वाइँलाई गोरु फुकाई दे । तल तोरीबारी जोतोस् ।’ पिंढीमा उभिएका ससुराबाले आदेश दिए । ‘कान्छी, भेनालाई भित्र ले ! खाजा खाएर जानू !’ घरभित्रबाट सासूआमाले भनिन् । खोक्सुङ भित्र पस्दा स्वास्नी जाँड छान्दै थिई । रातिको हर्कत सम्झेर उसलाई लाज र डर दुवै भयो । ‘उसै त भागिहिँड्ने, अब त झन् के मान्ली र घर जान । गोरू नारिराखेर उतैउतै धाईफाल दिनुपर्ला । भुत्रा गर्नु ससुरालीको काम ? अर्कै केटी ल्याइन्छ । साले झ्याइँ झ्याइँ विहे गरिन्छ’ यस्तै के के सोच्दै गर्दा खोक्सुङको अगाडि सालीले जाँड राखिदिई । खोक्सुङले शङ्का मान्दै डबका उठायो । सोच्यो- ‘अमिलो होला पक्कै । यसले मलाई भगाउने जाँड बनाएको हुनुपर्छ ।’ एक सुरुप जाँड तानेपछि खोक्सुङ छक्कै पर्‍यो । उसले आजसम्म ससुराल घरमा यति मीठो जाँड पाएकै थिएन । सास नफेरी डबका रित्यायो । सालीले तीन खेप थपेपछि बल्ल उठ्यो । खोक्सुङ जाँडले रमरम भएर आँगनमा निस्किँदा स्वास्नीले हल्लुँडजोतारो दिँदै भनी, ‘छिटो गरेर आउनू है ! घर जानु ढिलो हुन्छ ।’ अचम्म ! विश्वास नलागेर खोक्सुङले स्वास्नीलाई पुलुक्क हेर्‍यो । स्वास्नी रातीपिरी भएर लजाउँदै भित्रतिर गई । खोक्सुङले रातिको कुरा सम्झ्यो । फिस्स हाँसेर लाग्यो बारीतिर छिटोछिटो ।

*-साहित्यपोस्ट डटकम*

# आज संयुक्त राष्ट्र संघको स्थापना दिवस मनाइँदै




**पाल्पा,** कार्तिक ७/ संयुक्त राष्ट्रसंघको स्थापना दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदैछ । विहीबार नेपालसहित विश्वका सबै सदस्य राष्ट्रहरुले यो दिवस मनाउन लागेका हुन् ।

दोस्रो विश्वयुद्धको समाप्तिपछि सन् १९४५ अक्टोबर २४ मा संयुक्त राष्ट्रसंघको स्थापना भएको थियो । सोही दिनलाई सन् १९४८ देखि संयुक्त राष्ट्रसंघ दिवसका रुपमा मनाउन लागिएको हो । विश्वमा शान्ति स्थापना, मानव अधिकारको रक्षा र अन्तरर्राष्ट्रिय कानुनको कार्यान्वयनका लागि संयुक्त राष्ट्रसंघको स्थापना गरिएको हो । अमेरिकाको न्यूयोर्क शहरमा मुख्यालय रहेको संयुक्त राष्ट्रसंघमा हाल १ सय ९३ राष्ट्र सदस्य रहेका छन् । सन् १९७१ मा संयुक्त राष्ट्रसंघको महासभाले स्थापना दिवसका दिन सार्वजनिक बिदा दिएर मनाउन सदस्य राष्ट्रलाई आग्रह गरेको थियो । प्याकेज डिलका रुपमा नेपालसहित १४ वटा देशले सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेका थिए । दिवसका अवसरमा नेपालमा रहेका संयुक्त राष्ट्रसंघका निकायले पनि विभिन्न कार्यक्रम गर्दैछन् । युद्धको विभीषिकाबाट विश्व र भावी पुस्तालाई बचाउन आजकै दिन उक्त विश्व संस्थाको स्थापना भएको हो । सुरक्षा परिषद्का पाँच स्थायी राष्ट्र चीन, फ्रान्स, बेलायत, अमेरिका र तत्कालीन सोभियत संघसहितका राष्ट्रले संयुक्त राष्ट्रसंघ स्थापनासम्बन्धी दस्तावेजमा हस्ताक्षर गरेसँगै यो विश्व संस्था अस्तित्वमा आएको पाइन्छ ।

## व्यवसायीहरूको...

टोलीले पहिलो दिन यहाँका १ सय ५० जनाको हाराहारीमा व्यवसायीले प्रयोग गर्ने नापतौलका यन्त्रहरुको जाँच गरेको संघका कार्यकारी निर्देशक सुशील प्रधानले एनजेडीलाई जानकारी दिए । उनका अनुसार केही नयाँ व्यवसायीले नापतौलका लागि अनुमति लिएका छन् भने नविकरण गराएका छन् । नापतौल तथा गुणस्तर ऐन, २०२५ र नियमावली २०२७ अनुसार कार्यसम्पादन गरिएको थियो । नापजाँचका क्रममा अहिलेसम्म सबै मापदण्ड अनुसार नै यन्त्रहरु प्रयोगमा रहेको निर्देशक प्रधानले बताए । ऐन र नियमानुसार व्यवसायीहरूको नाप्ने र तौलने यन्त्रहरू जाँच, नवीकरण तथा अनुमतिपत्र वितरण गर्ने गरिएको छ । संघले सूचना नै जारी गरी जाँच गर्ने स्थान, समय निर्धारण गरेको छ । जस अनुसार दोस्रो दिन आज टोलीले बगनासलीको आर्यभञ्ज्याङ्ग बजार, रम्भाको ताहुँ, हुँगी पल्टार बजारमा नापजाँच गर्ने छ । यस्तै तेस्रो दिन शुक्रबार रैनादेवी छहराको छहरा बजार, रिब्दीकोटको हार्थोक बजार, र तानसेनको अर्गेली बजारमा नापतौल यन्त्र नापजाँच गरिने संघका लेखा प्रमुख सरोजलाल शाक्यले बताए । उनका अनुसार चौथों दिन शनिबार तानसेनको बर्तुङ्ग, प्रभास र माथागढीको सराईमा जाँच गरिने छ । जिल्लाभर ४ सय बढी व्यसायीहरुको नापतौल यन्त्रहरु जाँच गर्ने लक्ष्य संघले लिएको छ । नापजाँचमा गुणस्तर तथा नापतौल कार्यालय बुटवलका निरीक्षक निराजन पुडासैनी, सहायक निरीक्षक गुरुप्रसाद पोखरेल, सिनियर मिस्त्री सरोज श्रेष्ठ, मिस्त्री मकरध्वज चौधरी र कार्यालय सहायक रमेश रेग्मी सहितको टोली चार दिनसम्म जिल्लामा खटिने छ । नापतौल तथा मापन यन्त्र प्रयोग गर्दा दर्ता तथा नवीकरण अनिवार्य गर्नुपर्ने नापतौल ऐन तथा नियमावलीमा स्पष्ट लेखिएको छ । नियमावली अनुसार ६ कुना भएको ढक, स्प्रिङ तराजु, मानापाथी र ढुङ्गा, इट्टा लगायत कुनै पनि वस्तु प्रयोग गर्न पाइने छैन । तर ऐन नियमावली समय सान्दर्भिक नहुँदा नापतौलमा उपभोक्ता ठगिदै आएका छन् । नियमावलीमा साना व्यापारीले २ वर्षमा र ठूला व्यापारीले १/१ वर्षमा नवीकरण गर्नुपर्ने प्रावाधान छ ।

मनको आवाज..............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

खेलकुद समाचार

## अमेरिकासँग नेपाल पराजित



**काठमाडौं,** कार्तिक ७/अमेरिकाको 'ए' टोलीसँगको एकदिवसीय अभ्यास खेलमा नेपाल ४ विकेटले पराजित भएको छ ।

नेपालले दिएको ८२ रनको सामान्य लक्ष्य अमेरिका 'ए' ले २३ ओभर १ बलमा ६ विकेट गुमाएर भेटायो । अमेरिका 'ए' का नितेश रेड्डीले २९ रन बनाए । नेपालका सन्दीप लामिछानेले ४ तथा रिजन ढकाल र ललित राजवंशीले समान १ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको नेपाल २५ ओभर ३ बलमा ८० रनमा अलआउट भयो । नेपालका कुशल मल्लले १८, देव खनालले १२, भीम सार्कीले १० रन बनाए । यस्तै अनिलकुमार साह शून्य रनमा आउट हुँदा अन्य खेलाडीले दोहोरो अंकमा रन बनाएन सकेनन् । सबैभन्दा धेरै १८ रन बनाए । अमेरिका 'ए' का आरिन नदकर्नीले ४ विकेट लिए । अमेरिकामा आयोजना हुने आईसीसी विश्वकप क्रिकेट लिग-टु अगाडि नेपाल र अमेरिका 'ए' बीच अभ्यास खेल भएको हो । अमेरिकामा शुक्रवारदेखि कात्तिक १९ गतेसम्म विश्वकप क्रिके लिग-२ अन्तर्गत घरेलु टोली अमेरिका, नेपाल र स्कटल्यान्डबीच त्रिदेशीय एकदिवसीय अन्तर्राष्ट्रिय शृंख्ला हुँदैछ । यसअघि अमेरिकासँगको तीन खेलको टी-२० शृंख्ला नेपालले 'क्लिन स्वीप' गरेको थियो ।

### सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिकको वर्ष ३० अंक ९४, मिति २०८१/७/७ गते प्रथम पृष्ठमा प्रकाशित **'सार्वजनिक जग्गामा 'बुद्धपार्क''** शिर्षकको बाँकी अंशको चौथो पृष्ठमा रहेको समाचार शिर्षकमा **सार्वजनिक जग्गामा...** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**-सम्पादक**

वर्गिकृत डिस्प्ले
*१ X ५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## सुन तोलाकै १ लाख ६६ हजार ७ सय पुग्यो



**पाल्पा,** कार्तिक ७/नेपाली बजारमा बुधबार सुनको मूल्यले फेरि नयाँ कीर्तिमान कायम गरेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार मंगलबारको तुलनामा बुधबार छापावाल सुनको मूल्य तोलामा ८ सय बढेर कीर्तिमान कायम गरेको हो ।

सुनको मूल्य बढेर प्रतितोला १ लाख ६६ हजार ७ सय रुपैयाँमा कारोबार भएको छ । दसैंयता नेपाली बजारमा सुनको भाउ हरेक दिन बढेको बढ्यै छ । सोमबार सुनको मूल्य प्रतितोला १ लाख ६५ हजार ९ सय रुपैयाँ पुगेको थियो । दसैं बिदा सुरु हुनुअघि असोज २३ गते सुनको भाउ प्रतितोला १ लाख ५९ हजार १ सय रुयैयाँ थियो । दसैं बिदापछिको पहिलो दिन असोज २९ गते १ लाख ६० हजार ५ सय रुपैयाँमा कारोबार भएको सुनको भाउमा लगातार रेकर्ड कायम भएको हो । असोज ३० गते १ लाख ६१ हजार ८ सय, कात्तिक १ गते १ लाख ६२ हजार ४ सय, कात्तिक २ गते १ लाख ६४ हजार ४ सय र कात्तिक ४ गते १ लाख ६५ हजार रुपैयाँ प्रतितोलामा सुनको कारोबार भएको थियो ।त्यस्तै चाँदी पनि अहिलेसम्मकै महँगो भएको छ । बुधबार चाँदीको मूल्य प्रतितोला २ हजार १ सय ३५ रुपैयाँ पुगेको छ । मंगलबार भने चाँदीको मूल्य २ हजार १ सय रुपैयाँ रहेको थियो । केही वर्षअघिसम्म अन्तर्राष्ट्रिय बजारमा डलरको मूल्य बढ्दा सुनको मूल्य घट्ने र डलरको मूल्य घट्दा सुनको मूल्य बढ्ने गरेको देखिन्थ्यो । तर अहिले भने दुवैको मूल्य निरन्तर बढिरहेको छ । अन्तर्राष्ट्रिय बजारमै सुनको मूल्य बढ्दै गएपछि त्यसको प्रभाव नेपाली बजारमा पनि परेको हो । दिनप्रतिदिन सुनको भाउ बढ्दै गएपछि पाल्पामा पनि यसको प्रभाव देखिएको छ ।

बचत गरौं, उद्यमशील बनौं
**बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं**
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
- व्यापार व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागि शिक्षा, स्वास्थ्य लगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।
**त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।**
नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।
जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई